www.ramaroshanmun.gov.np
Email-
icto.ramaroshanmun@gmail.com

# रामारोशन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तडा अछाम
## सुदूर पश्चिम प्रदेश -नेपाल

**पत्रसंख्या -२०७६/०७७**
**चलानीनं.**

शिलबन्दी दरभाउपत्र आह्वान

प्रिन्टर, प्रिन्टर स्क्यानर सहित, डेस्कटप कम्प्युटर, ४जि राउटर , ल्यापटप र डकुमेट स्क्यानर सामान खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वान सूचना

(प्रथमपटक सूचना प्रकाशित भएको मितिः २०७७/०६/१९)

शिलबन्दी दरभाउपत्र नं. ०१/२०७७/०७८- RRMO/NCB

यस गाउँकार्यपालिकाको कार्यालय तथा रामारोशन गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुको लागी आ.व. २०७७|०७८ मा वितरण गरिने प्रिन्टर, प्रिन्टर स्क्यानर सहित, डेस्कटप कम्प्युटर, ४ जि राउटर , ल्यापटप र डकुमेट स्क्यानर खरिद कार्य शिलबन्दी दरभाउको माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दि दरभाउपत्र आव्हान गरिएको छ ।

१. शिलबन्दि दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र यस कार्यालयबाट रु. १,०००/-(अक्षरुपी: एक हजार मात्र) फिर्ता नहुने गरी नबिल बैक लि. शान्तडा शाखामा यस कार्यालयको **रामारोशन गाँउपालिका आन्तरिक राजश्र खाता नं. ०७७०१०१७५००३२४** मा बुझाई सक्कल भौचर, आ.व. २०७६|०७७ सम्मका लागी नविकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने गरि ईजाजतपत्र प्राप्त कम्पनि वा फर्म दर्ता प्रमाणपत्र ,मू.अ.कर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७६।०७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी वा करमा विबरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित गरिएका प्रतिलिपिहरुं निवेदन साथ र प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा संलग्न राखी रु. १० को टिकट टाँसी लिखित निवेदन दिई यस कार्यालय बाट शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सकिने छ ।

२. खरिद भएको शिलबन्दी दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी सप्लायर्सले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु साही दिनको २:०० बजे उपस्थित शिलबन्दी दरभाउपत्रदाताहरु र प्रतिनिधीहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाताहरु उपस्थित नभएमा पनि शिलबन्दि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र साथ जमानत बापतको ल.ई. रकम (मू.अ.क. बाहेक) को २.५ प्रतिशतले हुन आउने रकम रु. ३८,७५० बराबरको नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बिडबन्ड (शिलबन्दीदरभाउपत्र खोलेको मितीले ७५(पचहत्तर) दिन अवधी भएको वा नबिल बैक लि. रहेको **रामारोशन गाँउपालिका धरौटी खाता नं. ७७०१०१७५०००२०** मा नगद जम्मा गरेको सक्कलि भौचर पेश गर्नुपर्नेछ । फाइनान्स कम्पनीबाट जारी भएको बिडबन्डलाई मान्यता दिइने छैन ।

४.शिलबन्दी दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको शिलबन्दी दरभाउपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको,सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथी कारवाही हुने छैन
५. शिलबन्दी दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ र दररेटको आधारमा जम्मा रकममा फरक पर्न आएमा अक्षरमा लेखिएको दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६.दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा त्यसको भोलीपल्ट लगत्तै कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा शिलबन्दि दरभाउपत्र क्रमशः पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

७. कुनै पनि कारण नजनाई कुनै वा सबै शिलबन्दि दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

www.ramaroshanmun.gov.np
Email-
icto.ramaroshanmun@gmail.com

रामारोशन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तडा अछाम
### सुदूर पश्चिम प्रदेश -नेपाल

८. एक फर्मको नाममा खरीद गरीएको शिलबन्दी दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन । अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

९. शिलबन्दि दरभाउपत्र सूचना, बोलपत्र फारममा कुनै फरक वा त्रुटी भएमा खरिदकर्ताले कुनै पनि बेला संशोधन गर्न सक्नेछ ।

१०. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

तपसिल:

| क्र.सं. | दरभाउपत्र नं. | कार्य विवरण | ल.ई. रकम (मू.अ.क. बाहेक) |
|---|---|---|---|
| १. | ०१-२०७७/२०७८-RRMO/NCB | प्रिन्टर, प्रिन्टर स्क्यानर सहित, डेस्कटप कम्प्युटर, ४जि राउटर , ल्यापटप र डकुमेट स्क्यानर सामान खरिद | १५,५०,०००|- |

राम बहादुर भण्डारी

नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत